
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

उदेकका मानिसहरू : पृष्ठ २



◆ वर्ष : २५ ◆ अङ्क : ३१६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कात्तिक १ गते शनिवार (Saturday, October 17. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## शिवसताक्षीको प्राथमिकतामा रिङरोड

**बिनोद सापकोटा**

**शिवसताक्षी, असोज ३०।** शिवसताक्षी नगरपालिकाको पहिलो नगरसभाले निर्णय गरे अनुसार रिङरोड निर्माणको काम शुरु भएको छ ।

स्थानीय तहको निर्वाचन भएपछि पञ्चवर्षीय योजना अन्तर्गत रिङरोड निर्माण थालिएको नगरपालिकाको सूचना शाखाले जनाएको हो ।

कतिपय स्थानीयले रिङरोड नगर प्रमुखको महत्वाकांक्षी योजना भनेर टिप्पणी गरेका छन् । नगर प्रमुख चन्द्रकुमार सेर्मासहित नगरका सचेतक समेत रहेका वडा नम्बर २ का अध्यक्ष कुलवहादुर बस्नेतले हरेक नागरिकलाई पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोड्न रिङरोडको अवधारणा पहिलो नगर सभाले सर्बसम्मत निर्णय गरेको बताए ।



शिवसताक्षी नगरका नगर गौरबका धेरै योजनाहरू सञ्चालनमा छन् । ती योजनासँगै रिङ्गरोड पहिलो प्राथमिकतामा रहेको प्रवक्ता नबीन इजमले पूर्वाञ्चललाई जानकारी दिए । उनले भने- 'आफ्नै बलबुताले रिङरोड नगर गौरबका योजनाको प्राथमिकतामा रहेको र पाँच वर्षमै पूरा गर्ने छौं ।'

मतदाताका घर-घरमा मत माग्न जाँदा तत्कालीन नेकपा एमालेले नगरपालिकामा रिङरोड निर्माण गरेर ग्रामीण क्षेत्रका कृषि उपजलाई बजारसम्म ल्याएर विक्री वितरण गर्ने घोषणा पत्रमै उल्लेख गरेको थियो । नगर प्रमुख सेर्मा तत्कालीन एमालेबाटै शिवसताक्षी नगरको प्रमुखमा निर्वाचित भएका हुन् ।

धरमपुरबाट शुरू भएको रिङरोडको दूरी जनताबजार हुँदै माईधारसम्म ३९ किलोमिटर छ । त्यसमध्ये ९ किलोमिटर माईधारदेखि धरमपुरसम्मको सडक एशियन हाइवे हो । रिङरोडको धरमपुर-चर्चावारी १५ सय मिटर सडक कालोपत्रे भइसकेको छ । यस्तै नगरले अन्य क्षेत्रमा पनि १ किलोमिटर सडक कालोपत्रे गरेको सूचना अधिकारी प्रकाश चौधरीले बताए । यस्तै, शिवगञ्ज नहर चौकसम्मको ६ किलोमिटर सडक पनि यसअघि नै साविकको जिल्ला विकास समितिले निर्माण गरिसकेको छ । अब नगरमा २२.५ किलोमिटर सडक कालोपत्रे गर्न बाँकी रहेको सूचना अधिकारी चौधरीले जानकारी दिए ।

अबको नगरसभाबाट संघीय सरकार र प्रदेश सरकारले विकास निर्माणका लागि नगरलाई दिने बजेटले बाँकी रहेको सडक कालोपत्रे गर्ने शिवसताक्षी नगरपालिकाको योजना छ । चालू आर्थिक वर्षमा नगरसभाले ६ करोड रुपैयाँ रिङरोड कालोपत्रेका लागि छुट्याएको छ । संघीय सरकारको समपूरक ३ करोड र नगर सभाले स्वीकृत गरेको ३ करोड गरेर ६

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'बलात्कारी संगठन' चलाउने पक्राउ

**बिर्तामोड, असोज ३०।** 'बलात्कारी संगठन' नामक फेसबुक ग्रुप चलाएको अभियोगमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा प्युठानको झिम्रुक घर भई नवलपरासी बस्ने १९ वर्षीय नवीन बस्नेत रहेका छन् । उनलाई नवलपरासीबाट पक्राउ गरेर काठमाडौं ल्याइएको प्रहरीको साइबर ब्युरोका निमित्त प्रमुख एसएसपी नबीन्द अर्यालले जानकारी दिए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

बाल्मीकि एजुकेशन फाउण्डेशन

**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशनस**मा **नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**समय : विहान १० बजेदेखि १ बजेसम्म**

विस्तृत जानकारीका लागि

**बाल्मीकि एजुकेशन फाउण्डेशन**

बिर्तामोड-१, झापा

०२३-५४०१९५/ ५४२८२०




विर्तामोड ०२३-५४१६७७ । सुरुङ्गा ९८०६०२६७०० । बुद्धबारे ९८५२६८२५९५

उर्लाबारी ०२१-५४१११० । पथरी ०२१-५५५८६४ । फिदीम ०२४-५२०८२६ । ईलाम ०२७-५२१०७२

# सिम्रिक साकोसको नाफा दुई करोडभन्दा बढी



**बिर्तामोड, असोज ३०।** झापाको विर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको दशौं वार्षिक साधारणसभा शुक्रवार सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतको अध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक सदस्य तथा झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि ढकालले झापा जिल्लामा स्थापित सहकारीहरुको बीचमा सदस्य सेवाको दृष्टिले चौथो स्थान ओगट्न सफल भएकोमा सिम्रिक साकोसलाई वधाई दिएका थिए ।

त्यस्तै विशेष अतिथि बिर्तामोड नगरपालिकाका सहकारी तथा सामाजिक विकास अधिकृत डिल्ली दाहालले सिम्रिक साकोसले सहकारीको अन्तर्राष्ट्रिय छैटौं सिद्धान्त समुदायप्रतिको चासोलाई आत्मसाथ गरेको बताए । कार्यक्रममा संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाको शेयर सदस्य २५ हजार सात सय ९३ जना, शेयर पूँजी १५ करोड २५ लाख २३ हजार नौ सय रुपैयाँ , बचत संकलन चार अर्व दुई करोड २७ लाख २२ हजार पाँच सय १० रुपैयाँ , बचत फिर्ता तीन अर्व ४५ करोड ८१ लाख ५८ हजार छ सय ६५ रुपैयाँ , वचतमा रहेको रकम ५६ करोड ४५ लाख ६३ हजार आठ सय ४५ रुपैयाँ , रहेको संस्थाको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै संस्थाको कर्जा लगानी तीन अर्व ६४ करोड २९ लाख ८० हजार सात सय ९४ रुपैयाँ , कर्जा असुली दुई अर्व ७१ करोड ४९ लाख ८७ हजार एक सय ३१ रुपैयाँ , लगानीमा रहीरहेको रकम ९२ करोड ७९ लाख ९३ हजार छ सय ३३ रुपैयाँ ,जगेडा तथा कोषमा नौ करोड ३३ लाख ५९ हजार नौ सय ७९ रुपैयाँ ,तिर्न वाँकी कर्जा ३० करोड, ४७ लाख ४९ हजार सात सय १८ रुपैयाँ, संस्थाको लगानी ५६ लाख ४५ हजार पाँच सय रुपैयाँ स्थिर सम्पति पाँच करोड दुई लाख ७१ लख पाँच सय ७३ रुपैयाँ रहेको संस्थाको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी संस्थाले १६ करोड ५४ लाख २२ लाख ३३ रुपैयाँ आम्दानी गरेकोमा १३ करोड ९८ लाख ६६ हजार पाँच सय १३ रुपैयाँ खर्च गरी दुई करोड ५५ लाख ५५ हजार पाँच सय २० रुपैयाँ नाफा कमाएको र संस्थाले यो वर्ष ११ लाख ८६ हजार दुई सय १५ रुपैयाँ कर तिरेको संस्थाको वार्षिक प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी संस्थाले ५९ लाख ४१ हजार एक सय ५३ रुपैयाँ राहत सुविधा वापत शेयर सदस्यहरुलाई उपलव्ध गराएको उल्लेख छ ।

त्यसैगरी संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरस विपद् राहत सहयोग स्थानीय तह मार्फत ८ लाख ३० हजार, पिसिआर मेशिन खरिदमा एक लाख, कोरोना संक्रमण नियन्त्रणका लागि ट्राफिक कार्यालय बिर्तामोडको गाडी मर्मतका लागि ५० हजार, झापा नाटक घर निर्माणका लागि ५१ हजार, तारा नमस्ते बालग्रामको व्यवस्थापनका लागि ५१ हजार, भीमले मावि अर्जुनधाराका विपन्न बिद्यार्थीका लागि एक सय थान ब्याग र ५ थान पंखाका लागि ४४ हजार ७ सय, मोहनमाया मावि बिर्तामोडका विपन्न बिद्यार्थीहरुलाई न्यानो कपडा स्वीटर एक सय थानको लागि २२ हजार आठ सय , शुक्रराज मावि बिर्तामोडमा अध्ययनरत् विपन्न बिद्यार्थीको लागि एक सय ८० थान ब्यागका लागि ५४ हजार दुई सय ५० तथा अन्य सामाजिक कार्यमा एक लाख २० हजार ६ सय ५४ रुपैयाँ सहयोग गरेको बताइएको छ ।

सोही कार्यक्रममा संस्थाको आगामी चार वर्षे कार्यकालका लागि निर्विरोध निर्वाचित सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिलाई निर्वाचन अधिकृत डिल्ली दाहालले सपथ गराउँदै विजयी भएको प्रमाणपत्र प्रदान गरेका थिए ।

संस्थाको अध्यक्षमा सुवास भट्टराई, उपाध्यक्ष किरण कपुरी, सचिव इन्द्रबहादुर कार्की, कोषाध्यक्ष मेहरमान विष्ट रहेका छन् । त्यस्तै सदस्यहरुमा लीला मुखिया अधिकारी, सशीकला मुखिया, चन्द्रकला सुवेदी, प्रकाश भट्टराई र नविन योगी (जोगी) रहेका छन् । त्यस्तै लेखा सुपरिवेक्षण समितिमा संयोजक रमेशकुमार अधिकारी सदस्यहरु मीनप्रसाद गुरागाई र ओमराज राई रहेका छन् ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष सुवास भट्टराईले प्रतिवद्धता मन्तब्य राख्दै संस्थाको गरीमा र शाखलाई उँचो बनाउन कमलबहादुर बस्नेतको नेतृत्वमा रहने कर्मचारी वर्ग र आफ्नो नेतृत्वको सञ्चालक समितिले काँधमा काँध मिलाएर काम गर्ने दृढता ब्यक्त गरे । त्यस्तै संस्थाका अध्यक्ष कमलबहादुर वस्नेतले अब आफू संस्थाको प्रमुख कार्यकारी अधिकृत भएर संस्थालाई अघि वढाउने बताए ।

कोरोना महामारीका कारण सरकारले भिडभिाड गर्न बन्देज लगाएकोले सहकारी विभागको साधारणसभा निर्देशिका बमोजिम न्यून शेयर सदस्य तथा अतिथिकावीच सरकारले तोकेका स्वास्थ्य मापदण्ड पुरा गर्दै भौतिक दूरी कायम राख्दै अग्रसेन भवनमा साधारण सभा गरिएको उनले वताए ।

कार्यक्रमको सञ्चालन सचिव सुवास भट्टराईले गरेको विभागीय प्रमुख प्रेम बस्नेत (विजय)ले जानकारी दिए ।

# राजगढमा केमिकल उद्योग



**बिर्तामोड, असोज ३०।** दक्षिणी झापाको बाह्रदशीलाई स्मार्ट सिटीको रुपमा विकास गर्न त्यहाँका स्थानीयहरु नै लागीपरेका छन् ।

बाह्रदशी गाउँपालिकाको वडा नं.- २ र ३ मा पर्ने राजगढ बजारलाई स्मार्ट सिटीको रुपमा विकास गर्ने नीति तथा कार्यक्रम सार्वजनिक गर्दै गाउँपालिकाले बजेट नै विनियोजन गरेको छ ।

गाउँपालिकाले बजेट बिनियोजन गर्दै राजगढलाई स्मार्ट सिटीको रुपमा विकास गर्न शुरु गरेपछि स्थानीयले आफ्नै ठाउँमा लगानी गर्न शुरु गरेका छन् । कोरोना भाइरस संक्रमितको संख्या बढ्दै जाँदा हेण्डवाससहितका अत्यावश्यक सामग्रीका लागि स्थानीय एक युवाले फ्यूचर केमिकल तथा प्याकेजिङ उद्योग सञ्चालनमा ल्याएका छन् ।

मिरिफ्रेस बाण्डका हेण्डवास, फिनेल, ट्वाइलेट क्लिनर, भाँडा माझ्ने लिक्वीड उत्पादनका लागि २० लाख रुपैयाँ लगानी गर्दै उद्योग सञ्चालनमा ल्याइएको हो । स्थानीय चन्दनकुमार चौधरीले सञ्चालनमा ल्याएको उद्योगका उद्घाटन बाह्रदशी गाउँपालिकाका अध्यक्ष खड्गप्रसाद राजवंशीले गरे । उद्योगको उद्घाटन गर्दै अध्यक्ष राजवंशीले गाउँपालिकाले राजगढलाई स्मार्टसिटी बनाउने उद्घोष गरेसँगै स्थानीयवासीले पनि राजगढको विकासका लागि लगानी गर्न थालेको बताए ।

स्थानीय युवालाई रोजगार दिँदै घरायसी सामग्री उत्पादनमा युवापंक्ति जुट्नु गाउँपालिकाकै लागि गौरवको कुरा भएको अध्यक्ष राजवंशीले बताए । यसअघि राजगढमा सस्तो बजारका नामबाट सुविधासम्पन्न सपिङ महल सञ्चालनमा आएको छ । यस्तै अन्य उद्योगहरु पनि सञ्चालनमा आए राजगढलाई स्मार्टसिटी बनाउन समय नलाग्ने अध्यक्ष राजवंशीको भनाइ छ ।

फ्यूचर केमिकल तथा प्याकेजिङ उद्योगले चार जनालाई रोजगारी दिएको बताउँदै सञ्चालक चौधरीले आगामी दिनमा प्रदेश १ सहित नेपालका सबै जिल्लामा मिरिफ्रेक्स ब्राण्डका सामग्री पुऱ्याइने बताए । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न आग्रह गर्दै चौधरीले आफूले उत्पादन गरेको सामग्री गुणस्तरीय र उच्चकोटीको रहेको दावी गरे ।

उद्घाटन समारोहमा पशुपति माविका पूर्व प्रधानाध्यापक नन्दकुमार कुँवर, व्यवसायी कैलाश चौधरी लगायतको उपस्थिति थियो ।

## शिवसताक्षीको...

करोडको लागतमा सडक कालोपत्रे हुने भएको हो ।

नगरका सहायक सूचना अधिकारी डिल्ली नेपालले शिवगञ्ज बजारदेखि बोलोचोकसम्मको सडक कालोपत्रे हुने बताए । अब निर्माण हुने कालोपत्रे सडक ८ किलोमिटरको हुनेछ । हालसम्म नगरले रिङरोड बनाउन ६ करोड ७४ लाख रुपैयाँ खर्च गरेको आर्थिक प्रशासन शाखाले जनाएको छ । रिङरोडबाट शिवसताक्षी नगरकार्यपालिकाको कार्यालयमा जोडिन 'ट्रङ्क रोड' समेत निर्माण भइसकेको छ । 'ट्रङ्क रोड' निर्माणका लागि नगरले ४ करोड २० लाख रुपैयाँ खर्च गरेको छ । यो खर्च गत आवको असार मसान्त सम्मको हो ।

रिङरोडमा पर्ने ४९ वटा कल्भर्ट र ४ वटा बक्स कल्भर्ट निर्माण सम्पन्न भएको सूचना अधिकारी चौधरीले जानकारी दिए । यो सँगै ३ वटा पूल पनि निर्माण भएको छ । रिङरोड निर्माणपछि सबै क्षेत्रका बासिन्दालाई सडक सुविधा पुग्ने स्थानीयले बताए । रिङरोड निर्माणपछि पर्यटकीय गन्तव्यका रुपमा रहेको प्रसिद्ध धार्मिक एवम् पर्यटकीयस्थल सताक्षीधाम, दोमुखा र चिल्लागढ पोखरीसम्म आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि समेत सहज हुने बताइएको छ ।

उक्त रिङरोडलाई दूधे-शिवगञ्ज, झिलझिले- महाभारा र धरमपुर-पाँचगाछीको वैकल्पिक मार्गको रुपमा प्रयोग गर्न सकिने स्थानीयले बताएका छन् ।

नेपाली कांग्रेसबाट निर्वाचित वडा नम्बर ४ का वडा अध्यक्ष अधिकचन ताजपुरियाले रिङरोड निर्माण भएपछि गाँउमा उत्पादित कृषिवस्तु महेन्द्र राजमार्गसँग जोडिएका ठूला बजारसम्म पुऱ्याउन सकिने बताए । 'रिङरोड निर्माण भएपछि किसानको आयस्तर बढ्ने छ । दक्षिणी गौरादह र गौरीगञ्ज संग सीमाना जोडिएको वडा नम्बर ४ र ५ आदिबासी जनजाति समुदायको बाहुल्य रहेको वडा हो । अधिकाँश वडाका बासिन्दा कृषि पेशामा आवद्ध छन् । उनीहरुले उत्पादन गरेका कृषिबस्तु जिल्लाका ठूला बजारसम्म पुग्यो भने आम्दानी बढ्छ,'- वडाध्यक्ष ताजपुरियाले भने ।

वडा नम्बर ५ का वडाध्यक्ष सत्यनारायण राजबंशीले -'नगर गौरबका योजनामा नगरमा प्रतिनिधित्व गर्ने वडा अध्यक्ष र कार्यपालिकाका बोर्ड सदस्यको बिमति छैन । शिवसताक्षी नगरपालिकाले नगर गौरवका योजना अन्तर्गत दूधे रंगशाला, झिलझिले बसपार्क, रिङरोड निर्माण, सताक्षीधामदेखि दोमुखा जोड्ने फास्ट ट्रयाक र डुंडामारीको सिमसार क्षेत्रलाई अघि सारेको छ । यी सबै योजना तत्कालीन नेकपा एमालेको निर्वाचन घोषणा पत्रमा समाबेस छन् ।

नगरपालिकाले नगर गौरवका योजना अघि सारेपनि शिवसताक्षी नगरबाटै संघ र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदले भने निर्वाचन पूर्वाधार विकास कोषको रकम खर्च गरेका छैनन् । संघीय सांसद एलपी साँवा लिम्बू, प्रदेश सांसदद्वय हिरा थापा र झलकवहादुर दर्लामी मगरले नगरको गौरवका योजनामा निर्वाचन पूर्वाधार विकास कोषको रकम लगानी नगरेको एक वडाध्यक्षले बताए । उनले भने- 'माननीय ज्यूहरुले आफैंले सिफारिस गर्ने योजनामा नगर गौरवका योजना छनौटमा परेका छैनन् । नगरले आफ्नै बलबुताले केन्द्र सरकारसँग समन्वय गरेर बजेट ल्याइरहेको छ । त्यसैले नगर गौरबका योजना सञ्चालनमा छन् ।' उनका अनुसार माननीयज्यूहरु नगर गौरबका योजनामा 'चुइँक्क' बोल्नेवाला छैनन् ।

रिङरोड निर्माण भएपछि यातायातको असुविधाले बसाइँ सरेर गएका कतिपय नगरबासी पुनः फर्किएर आएका छन् । वडा नम्बर ३ र वडा नम्बर २ मा १३ घरपरिवार फर्किएको ३ नम्बर वडाका अध्यक्ष पुण्य सापकोटाले बताए । चार चक्के गाडी नकुदेको ठाँउमा १० चक्के गाडी कुदेको देख्दा गाउँले खुसी भएका छन् । स्थानीय रमा न्यौपाने भन्छिन् 'सरकारले कामै गर्न सकेन, भ्रष्टाचार मात्र गर्‍यो भनेर सामाजिक सञ्जालमा टीकाटिप्पणी भएको पाइन्छ ।

शिवसताक्षी नगरको बिकास हेर्ने हो भने सामाजिक सञ्जालमा देखिएको आरोप मिथ्या रहेछ ।'

## बलात्कारी.....

बढ्दो बलात्कार र महिला हिंसाका घटनासँगै यसको विरोधमा पछिल्लो समय प्रदर्शनहरु भएका थिए । केही समयअघि अधिकारकर्मीले काठमाडौंमा 'तँ बलात्कारी होस्' भन्ने गीत गाएर प्रदर्शन गरेका थिए । त्यसपछि यो ग्रुप चर्चामा आएको र ग्रुपमा अश्लील विषयहरु लेखिएका थिए ।

यो विषयको सामाजिक सञ्जालमा सर्वत्र चासो भएपछि प्रहरी प्रधान कार्यालय, नक्सालले अनुसन्धानका लागि निर्देशन दिएको थियो । बस्नेतले विगतमा पनि विभिन्न विशिष्ट व्यक्तिको हत्या गर्ने भन्दै स्टाटस् लेख्ने गरेको बताइएको छ । उनले बलात्कार सम्बन्धी ग्रुप किन खोले भन्ने खुलिनसकेको प्रहरीले जनाएको छ ।


## शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यााँङडाँडा, झापा प्रदेश नं. १ नेपाल

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

साविक शिवगञ्ज गाविस वडा नम्बर १ हाल शिवसताक्षी नगरपालिका वडा नम्वर ७ बस्ने श्री टंकप्रसाद सिटौलाले साविक शिवगञ्ज १ (ख) को कित्ता नम्बर ४४४ र ७२५ को जवि ०-०-१३ र ०-०-४ मा मेरो नाममा दर्ता कायम रहेको जग्गामा तीन तले घर निर्माण नक्सा पास तथा निर्माण कार्य गर्नपाउँ भनी यस नगरको घर जग्गा नक्सा शाखामा निवेदन तथा घर नक्सा पेस गर्नु भएकोले यस अघि १५ दिने सूचना टाँस गरिएको र उक्त अवधिमा तपाई पश्चिम तर्फको बिजय शाह र उत्तर तर्फको बिजय शाह र लला उप्रेती उपस्थित नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क)प्रयोजनका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ ।



## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समयमा विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।


| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।०६।३० र २०७७/०७/०१ | ११ केभी कन्काई फिडर | अनारमनी वितरण केन्द्र, सुरुङ्गा प्रशाखा अन्तर्गत सुरुङ्गा फिडरमा पर्ने कन्काई नगरपालिका क्षेत्र सबै र झापा गाउँपालिका क्षेत्र सबै । | बिहान ५:३० बजेदेखि ११:०० बजेसम्म | विद्युत लाइनमा पर्ने रुख,हाँगा कटान, लाइन मर्मत सम्बन्धी कार्य गर्नुपर्ने । | उल्लेखित समयभन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |


नेपाल विद्युत् प्राधिकरण
अनारमनी वितरण केन्द्र, बिर्तामोड



## आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।

सम्पर्क : ९८५११४४९४९



## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

### सूचना ! सूचना !! सूचना !!!

मिति :- २०७७/०६/३०

**बिर्तामोड नगरपालिकाभित्र गरिने कोभिड-१९ रोकथाम नियन्त्रण तथा उपचार समेतलाई मध्यनजर गर्दै बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको असोज ३० गते बसेको बैठकले गरेको निर्णयहरु :**

१) बिर्तामोड नगरपालिका र नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरुबाट प्रदान गरिने अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवा २०७७ साल कार्तिक २ गतेदेखि कार्तिक ६ गतेसम्म बन्द गरिएको छ ।
२) बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुले प्रदान गर्ने नगद लिने तथा दिने सेवा बाहेकका अन्य सेवा बन्द गर्ने । बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुले प्रदान गर्ने सेवालाई सुरक्षित र व्यवस्थित गरी स्वास्थ्य मापदण्ड र भौतिक दूरी कायम गरी प्रदान गर्ने व्यवस्था गर्ने ।
३) अत्यावश्यक सेवा बाहेक बिद्युत् महसुल, खानेपानी महसुल, टेलिफोन महसुल लगायतका सेवा समेत बन्द गर्ने ।
४) दशैं लगायतका चाडपर्व मनाउने क्रममा भीडभाड हुन सक्ने भएकोले भीडभाड नहुने गरी आ-आफ्नो परिवारभित्रमा नै मनाउन र चाडपर्वमा भेला, महोत्सव, जात्रा, हाटबजार, सांस्कृतिक कार्यक्रम जस्ता भीडभाड हुने कार्य नगर्ने/नगराउने ।
५) विजयादशमीको अवसरमा नगरपालिका क्षेत्रभित्र रहेका मठमन्दिर, पीठमा हुने धार्मिक तथा सांस्कृतिक पूजा, मेला, जात्रामा हुने आम भेला र सहभागितालाई कम गर्ने, गर्नैपर्ने पूजा विधि न्यून भक्तजनको उपस्थितिमा मात्र गर्ने तथा सबै प्रकारका मेला, जात्रा तथा पर्वका कार्यक्रमहरु नगर्ने ।
६) विजयादशमीको अवसरमा टीका लगाउने, आशिर्वाद लिने धार्मिक एवम् सांस्कृतिक प्रचलनलाई एकाघरभित्र सीमित राख्ने । टीका ग्रहण गर्दा जेष्ठ नागरिक, विरामी र बालबालिकाहरुलाई अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड कायम गर्न सम्बन्धित परिवारलाई विशेष ध्यान पुऱ्याउन आग्रह गर्ने ।
७) नगरबासीलाई बजारमा हुन सक्ने भिडभाडलाई व्यवस्थित गर्दे सबै व्यवसायी/व्यापारी तथा नागरिकले नेपाल सरकारद्वारा तोकिएको यातायात तथा स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्न अनुरोध गर्ने ।
८) नगरपालिका क्षेत्रभित्र हुने सबै प्रकारका तालिम गोष्ठी, सम्मेलन आदि कार्यहरु हाललाई स्थगन गर्नुका साथै राजनीतिक दल, संघ-संस्थाहरुले गर्ने बैठक भेला र शुभकामना आदानप्रदान जस्ता कार्यक्रम नगर्न अनुरोध गर्ने ।

**ध्रुबकुमार शिवाकोटी : नगर प्रमुख**




## कर्मचारी आवश्यकता

**यस पूर्वाञ्चल दैनिकको लागि बिर्तामोड एरियाभित्र केही दैनिक पत्रिका वितरण गर्ने कर्मचारी आवश्यक भएकोले स्थानीयबासी तथा आफ्नै साइकल भएका महानुभावले सम्पर्क गर्नुहोला ।**

**तलब : आपसी समझदारीमा**
**समय : बिहान ५:३० बजेदेखि ७:०० बजेसम्म**
**सम्पर्क : ९८०७९१०२२२, ९८४२६९६११२**



GREEN FIELD WORLD SCHOOL
Birtamode-1, Jhapa, Nepal



Admission Open
From
Nursery to Grade IX
Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np



पानीट्याङ्की भारतको सेवा कांकरभिट्टाबाट

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।

सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त- ८३७२०७८४५४/८३४८४४३७१७ इण्डिया, ९८४०१६४४५३ नेपाल
काँकरभिट्टा आउन फोन गर्नुहोस, सेवा लिनुहोस ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

# उदेकका मानिसहरु



गोपालकुमार बस्नेत

विविध थरी र विविधरुपका मानिसहरको बसोबास झापामा छ। यसको प्राकृतिक स्वरुप र मानिसहरुको स्वभाव पनि विचित्रको नै छ। सबै जातका, सबै धर्मकाभन्दा पनि सबै बिचित्र-बिचित्र स्वभावका मानिसहरुले झापालाई रमाइलो बनाएका छन्। झापामा विगत सयौं वर्षदेखि रजगज गर्ने मानिसहरुको आफ्नै मपाईपन छ, ता की अरु मानिसहरु केही पनि होइनन्। कोही सबै झापाको जानकारीको ठेक्का लिएर अरुलाई झापाको सम्बन्धमा बोल्ने या लेख्ने हक नै छैन भनी ठान्ने मानिस पनि झापामा छन्। तर, धेरै मानिस यस्ता छन् कि हिजो आएर भए पनि अरुभन्दा झापामा आफूलाई पुरानीय ठानेर अरुको हक र अधिकारमा बन्देज लाउन खोज्छन्। कोही आफूलाई बढो सज्जन र इमान्दार भएको हावा पिट्छन्। तर, हिजो आफूले के-के गरैं सबै अरुले सम्पूर्ण यथार्थ जानकारी राखिरहेका र देखिरहेका छन् भन्ने थाह पाउँदैनन्। आफ्नो विगतप्रति अरुलाई थाह नै नभएको भान छ उनीहरुलाई। कोही आफ्नो बाबुबाजेको कृति लेखाउन पैसा बाँडेर हिँडिरहेका छन्। कोही प्रशस्ती-पत्र आफैं छपाएर या आफैं मैले यो गरेको भनेर फलाक्दै सम्मान-पत्रको खोजीमा हिँडेका छन्। तर, कोही यस्ता विचित्रका मानिस पनि छन्। जो यी केहीसँग मतलब राख्दैनन्। आफ्नो चलन पनि छोड्दैनन्। यस्तै-यस्तै बीचमा एकजना मनुष्य छन्- रामबाबु प्रसाई।

रामबाबु प्रसाई थरी-थरीका नामले चिनिन्छन्। मैले पहिले-पहिले सुनेजानेका नाम हो रामबाबु र त्यसपछि खनुपरुदे प्रसाई। मलाई मेरो बाल मस्तिष्कमा के छाप परेको थियो भने उहाँहरु सबैभन्दा पैसावाला मानिस हुनुहुन्छ। पैसाको केही कमी छैन, जे पनि खरिद गर्न सक्नुहुन्छ र उहाँको नाम खरिदे प्रसाई भएको हो। खनुपरुदेप्रकाहा, खनुपरुदे, रामबाबु आदि विभिन्न बेलामा कोही कुनै अलग-अलग नाम दिनुभएको उहाँको झ-झल्को मलाई छ। धेरै मानिसलाई लाग्छ- उहाँ बढो निहुँ खोजुवा मानिस हो। तपाईं कुनै एउटा कुरो थाल्नुहोस्, तपाईले प्रयोग गरेका शब्द निकालेर उहाँ बखेटा झिक्न शुरु गर्नुहुन्छ। तपाईलाई काबु-काबु पार्नुहुन्छ र अर्कोपल्टदेखि उहाँसँग बोल्दा प्रत्येक शब्द बोल्दा तौली-तौली बोल्नुपर्ने हुन्छ। त्यसैले उहाँसँग बोल्दा बढो होसियार भएर बोल्नु पर्छ। तर, उहाँसँगको कुराकानीमा तपाईले कुनै झर्को अथवा झन्झट भने लाग्ने छैन। उहाँको प्रथम झापामा चिनारी बढो सत्यवादी भनेर चिनिनु भयो। उहाँ महात्मागान्धीको चेला हो भनेर चिनिनु भयो। त्यसैले उहाँ कुनै अवस्थामा ढाट्नु हुन्न भनेर चिनिनु भयो। जब उहाँ विदेशी एजी कृषि विज्ञानमा स्नातकोत्तर अध्ययन सफलताका साथ गरेर झापा आउनु भयो। २०१२ सालतिर धुलावारी बजारको उत्तरका उहाँको अन्तरे काका इन्द्रप्रसादजीसँगको साझा खेतीमा उहाँले बढो आधुनिक ढंगबाट खेती गर्न शुरु गर्नुभयो।

उहाँले खेती के थाल्नु भयो- सारा गाउँबासीको समस्या शुरु भयो। गाउँबासीको मात्र होइन, सारा धुलाबारी बजारबासीको समस्या शुरु भयो। त्यसताका प्रत्येक जस्तो दोकानदारहरुको आफ्नो घोडा हुने गर्थ्यो। ठूलो समस्या शुरु गरिदिनु भयो रामबाबुले। गाउँमा दिउँसो या राति गाई, गोरु, घोडा, राँगा, बाछा, पाडा, बाख्रा आदि बाँध्ने चलन नै थिएन। सबै गाईवस्तु छाडा नै हुन्थे। हिउँदको समयमा त रेखदेखका लागि गोठाला समेत हुँदैनथे। धान काटिसकेपछि रामबाबुले गहुँ, जौ लाउनुभयो। गहुँ के लाउनु भएको थियो, सारा गाउँभरका गाईवस्तु, बजारियाका घोडा, कता-कता हरियो छ, त्यतै-त्यतै ओहिरिए। सारा गाउँले र बजारिया त रामबाबुको बालीबाट आफ्ना गाईबस्तु, घोडा बचाउने प्रयत्नमा लागे। तर, एउटा साँढे गोरुको कोही वारिस भएन। घरबाट मानिस गएर साँढे धपायो। मानिस घरमा आइपुगेको छैन साँढे फेरि फर्किएर आइहाल्यो। फेरि धपायो, फेरि आइहाल्यो साँढे। हुँदा-हुँदा साँढे यति चलाख देखिन थाल्यो कि मानिस आएको छनक पायो कि साँढे टाप ठोकी हाल्थ्यो। हैरान-हैरान पाऱ्यो साँढेले।

एकपटक छेका मारेर साँढेलाई निन्दा खोला समेत तारेर जङ्गल कटाएर नकलबन्दा गाउँ छेउसम्म पुऱ्याइयो। मानिसहरु अब साँढेलाई डाँडा कटाइयो भनेर आए। तर, मानिसहरु सँगसँगै केही छिनपछि साँढे पनि आइपुग्यो। साँढेले लगाउनसम्म दिग्दार लायो। सायद कोही साँढेको हकवाला निस्कन्छ कि भनेर होला। साँढेको नाममा एउटा सार्वजनिक सूचना टाँसेर साँढेलाई शक्त कार्वाही हुने सचेत समेत गराइयो। तर, साँढे सचेत पनि भएन, कोही हकवाला पनि निस्केन। बाली जोगाउने कुनै उपाय हुन सकेन। के गर्ने बढो फसाद पऱ्यो रामबाबुलाई। हुँदा-हुँदा साँढे यति चलाख बन्यो कि घरबाट कुनै मानिस निस्क्यो कि साँढे टाप ठोकी हाल्थ्यो। मानिस आयो कि साँढे बालीमा फर्की हाल्थ्यो। रामबाबुले एउटा जुक्ति निकाल्नुभयो साँढे समाउने। तर, समातेर पनि साँढे बाँध्न नहुने, के गर्ने ? सिंगो धर्मशास्त्र र परम्परा रामबाबुको अगाडि खडा भयो। यी सबैबाट पनि बच्नुपर्ने बालीको केही टाढा, खोला किनारतिर एउटा भास जमिन थियो। त्यहाँ मानिस अथवा कुनै जनावर पस्न सक्दैनथे। पसे कि भासिएर निस्कन सक्दैनथे। जब साँढे आयो गाउँका सबै भेला भई ठूलो छेक्का पारेर पछाडिपटिबाट झुक्याएर सयौं मानिसबाट साँढे घेरियो र छेकारो पारेर साँढेलाई भासतिर धपाइयो। बिचरा साँढे खुरले भूँइ कोर्दै होक्काँ-होक्काँ गरेर कराउँदै, घर वरिपरिको मानिसलाई झम्टिँदै अगाडि बढ्दै गयो। साँढे भासतिर गयो, अलि-अलि अगाडि बढ्दै साँढे बिस्तारै-बिस्तारै घुँडा-घुँडाभन्दा बढी भसिएपछि हल न चल भई उभिन पुग्यो। साँढे के बन्धनमा पऱ्यो रामबाबु खुकुरी लिएर अगाडि बढ्नुभयो र हल न चल भएको साँढेको धरनासो तास्न थाल्न भयो। साँढे ग्वाँ-ग्वाँ गरेर कराउँदै भासमा पछारियो।

गाउँघरमा सारा हल्ला चल्यो। रामबाबुले साँढे काट्नु भयो भनेर। प्रहरी आएर रामबाबुलाई समातेर लिएर गए। सारा चन्द्रगढी बजारमा थरी-थरीका मानिसहरुले भरियो। रामबाबुले साँढे काटेको होइन भनेर वकिलहरु मार्फत भन्न लगाइयो। तर, रामबाबुले काटेको होइन भनेर भन्नुभएन। साँढे काटेको मुलुकी ऐनमा मानिस काटेको सरह सजाय हुँदा रामबाबुलाई ज्यान मुद्दा लाग्ने भयो। सबै मानिस रामबाबुलाई उकास्न लागे, तर रामबाबुलाई लाख बिन्ती गर्दा पनि आफ्नो बयान सच्याउन मान्नुभएन। आफूले साँढे काटेको इन्कार गर्नुभएन। बढो अप्ठ्यारो स्थिति बनाई दिनुभयो रामबाबुले। त्यसैले अड्डा, अदालतका डिट्ठा, बिचारी र चन्द्रगढीका किर्ते, काइते, वकिल राखेर रामबाबुलाई एउटा कागजमा बयान गराइयो। र, अर्को कागजमा सही गराएर छुटाएर ल्याइयो। रामबाबु साँढे काटेको कानूनी आरोपबाट भने बच्नुभयो, तर रामबाबु आफूले साँढेमाथि हतियार प्रयोग गरेको कुरा कहिल्यै अस्वीकार गर्नुभएन।

गाउँमा रामबाबु अत्यन्त सत्यवादीको रुपमा झापा र इलाममा प्रख्यात हुनुको कारण अर्को पनि छ। २०१७ सालपछि केही वर्ष उहाँ इलाम बस्नु भयो। ठीक त्यही बेला नेपाली कांग्रेसले सशस्त्र विद्रोह थालेको थियो। त्यसका लागि गाउँ-गाउँमा आन्तरिक संगठन गर्न समिति निर्माण गरिएको थियो। यस कामका लागि उहाँ गाउँ जानुभयो। यही कामको सिलसिलामा उहाँ साँखेजुङ्ग पनि जानुभयो। साँखेजुङ्गमा उहाँले टुंगबहादुर बस्नेत, मदनबहादुर बस्नेत, गंगाबहादुर बस्नेत, बाजवर्ण कटुवाल, बलबहादुर राईहरु रहेको समिति बनाउनु भयो। समितिले आफ्नो काम शुरु गऱ्यो। हतियार लिएर आउने मानिसहरुलाई लुकाउने, खुवाउने, बसाउने काम शुरु भयो। यही सिलसिलामा इलाम जिल्लाको कमाण्डर सम्हाल्नु भएका श्री उदयबहादुर साउदेन, जसले पुवामझुवामा एउटा षडयन्त्रमा परी शहादत प्राप्त गर्नुभयो। भूविक्रम नेम्बाङले यहीँ बेस क्याम्प बनाएर पाँचथर च्याङथापुतिर क्रान्तिको मोर्चामा आतङ्क नै मच्चाउनुभयो र कयौं सेनाका सिपाहीहरुलाई ढाल्नु भयो। सेनाहरु इलामबाट घरमा आएर भात पकाएर खाएर जान्थे अनि उहाँहरु चाहिँ सेना परेवाको खरमा, बुइँकलमा बसेर समय गुजार्नु हुन्थ्यो र जिल्ला कब्जा गर्ने योजना बनाउनुहुन्थ्यो।

पहाड-पहाड नै नेपालटार, माईपोखरी, माईमझुवा हुँदै जमुना भएर भारत दार्जीलिङको पुलन बजारसम्म मानिसहरुलाई साथ दिएर मानिस पठाउनुपर्ने, बन्दुक र अन्य हतियारहरुलाई ल्याउनुपर्ने, कामहरु सकुशल भई नै राखेको थियो। यसैबीच रामबाबु प्रसाई प्रहरीको कब्जामा पर्नुभयो। प्रहरीले उहाँलाई बयान लियो। प्रहरी समक्ष उहाँले साँखेजुङ्गमा गरिएको सबै गतिविधि बताई दिनुभयो। साथै आफूँसँग भएको डायरी समेत उहाँले हस्तान्तरण गर्नुभयो। डायरीमा सबै नाम कोडमा लेखिएको थियो। जब प्रहरीले उहाँसँग -'कोडमा लेखिएको नाम कसको-कसको हो बताउनुहोस्'- भनेर सोध्यो। उहाँ ढाट्न नजान्ने मानिस यो भनिदिनु भयो कि- 'यो फलाना-फलाना भनेको को हो मलाई थाहा छैन। तर, दुई जनालाई थाह छ। म ती दुई जनालाई मात्र जान्दछु, उहाँहरु हुनुहुन्छ-टुङ्गबहादुर बस्नेत र बाजवर्ण कटुवाल। तुरुन्त उहाँहरुलाई झिकाएर ल्याइयो। प्रहरी हिरासतमा शख्त कार्वाहीपछि अरुहरुको नाम खुलाउन बाध्य पारियो।

त्यसपछि सारा साँखेजुङ्गका सोह्र वर्षदेखि माथिका मानिसहरुलाई इलाम बजारभित्र ठिङ्ग्रयाइयो र दर्जनौं मासिनहरुलाई पक्राउमा लिइयो। अराष्ट्रिय तत्वका नाइकेहरुलाई सहयोग पुऱ्याउने भन्ने आरोप लगाएर सबैभन्दा बढी मदनबहादुर बस्नेत र गंगाबहादुर बस्नेतलाई पिटियो, खुट्टा बाँधेर झुण्ड्याइयो, पानी खनाउँदै रोलले पैतालमा पिटियो। यति पिटियो कि बेहोस नहुञ्जेलसम्म पिटाई जारी रह्यो। कपाल उखेलियो। दिसा-पिसाब बसेको नै ठाउँमा गराइयो। बेहोसीबाट जब फर्किइन्छ फेरि पिटियो। यो क्रम महिनौं जारी राखियो। माईपोखरीमा पक्राउ परेका भद्रसिंह राईले सबैभन्दा बढी कुटाई खाए। त्यसमाथि पनि गलाबन्दी नेल ठोकियो। बसेका ठाउँबाट चटपटाउन पनि नसक्ने गरी हतकडी र नेल गलामा ल्याएर बाँधियो। एक महिना हिरासतमा नै राखेर कुटपिट गरेपछि उहाँलाई जेलमा मुर्छित अवस्थामा लगियो र फ्याँकियो। जहाँ रामबाब, बाजवर्ण कटुवाल र टुङ्गबहादुर बस्नेत हुनुहुन्थ्यो। उहाँहरुले अहिले पनि यी सबै कुरा याद गर्नुहुन्छ या सुनाउनुहुन्छ। भन्ने-सुन्ने दुबैका आँखामा आँशु डगमगाउँछ। राक्षस जस्तो तत्कालीन पुलिस जिल्ला इनिस्पेक्टर तुलाराम राई आँखामा झल्झली आउँछ।

रामबाबुले डायरी हात पारी दिएपछि सबैको पोल खुल्यो, कोही बाँकी रहेनन्। कोही पकडा परे, कोही पारी तरेर आन्दोलनमा भाग लिए। तर, रामबाबुको एउटा नाम के भनेर पछिसम्म चर्चित भयो भने उहाँले आफूखुशी डायरी जिम्मा दिनुभयो। जब उहाँलाई अरु को-को मानिस तपाईसँग यो काममा छन् भनियो। उहाँले भन्नुभयो- 'सबै त मलाई याद छैन, तर मसँग एउटा डायरी छ, त्यसमा सबै लेखेको छु'- भनेर आफूले लुकाएर राखेको डायरी भएको ठाउँ देखाई दिनुभयो। प्रहरी गए, डायरी लिएर आए। एकातिर कस्तो मानिस रामबाबु ? भनियो- बस साथीहरु पकड्ाएर उहाँले यो के गरेको हो ? अर्कोतिर भनियो- रामबाबु बडो सत्यबादी मानिस हुनुहुन्छ। उहाँ युधिष्ठिर हुनुहुन्छ, कस्तै परिस्थितिमा पनि उहाँ झुठ बोल्नु हुन्न। बढो सत्यवादी मानिस ढाँट्न सक्नुहुन्न मात्र होइन, जान्नु पनि हुन्न। त्यसैले सबै कुरा कागज-पत्र आफैं हात लगाइ दिनुभयो। आफूलाई थाह नभएको कुरा फलानालाई थाह छ भनेर जानकारी गराई दिनुभयो।

कुरा निस्किहाल्यो, भनी हालौं- इन्सपेक्टर तुलाराम राई इलाममा जिउँदै दशौं मानिसलाई एउटै चिहान आफैं खन्न लगाएर गाडेवापत र बेहिसाव कयौं मानिसको हत्या गरेवापत अथवा अमानवीय ढङ्गले मानिसलाई सजाय गरेवापत डीएसपी पदमा बढुवा भई रिटायर्ड भए। सात जना राई र दुई जना गुरुङलाई एउटै खाल्डोमा माईपोखरी जाने बाटोमा गाडियो। यो पनि भनि हालौं- त्यस ठाउँमा गणेशमान प्रतिष्ठानले स्मारक बनाउन पहल गर्दा हामीले काम थालेका छौं भनेर इलाम जिल्ला विकास समितिका कांग्रेसीहरुले दिएनन्, आफूले पनि केही गरेनन्।

केही वर्षपश्चात धरान बजारमा आफ्नै घरमा मध्यरात्रीमा सबै निद्रामा मस्त रहेका बेला इन्सपेक्टर तुलाराम राईकी श्रीमतीले उनी लगायत आफू र दुई छोरीहरुको हत्या गरिन् धरान बजारमा। परिवारको कोही बचेन, धेरैले भने- 'तुलारामको पाप धुरीबाट करायो' तर, निर्दोष केटाकेटीको हत्या कहाँबाट पाप करायो र भयो यो भने कसैले भनेनन्। मदनबहादुर मानसिक सन्तुलन त्यहीताकादेखि बिग्रेर घरैमा बस्नुभएको छ, धेरै दुःख पाउनु भएको छ। अलिकति बादल लाग्यो या पानी पर्न आँट्यो भने गन्नाबहादुर जीउ चलाउन नभएर ओच्छ्यान पर्नुहुन्छ। उहाँहरुलाई कोही सोध्नेवाला छैन। देशमा उहाँहरु जस्ता कति छन् सोध्ने कुरा पनि भएन। बाजवर्ण कटुवाल अहिले यो संसारमा हुनुहुन्न। भद्रसिंह राईका सन्तान यहीँ काँकरभिट्टातिर कतै जनवन गरेर गुजरा गरिरहेका छन् भन्ने सुनेको छु। राजनीतिक पीडित सहायता कोषबाट सहयोग लिन धेरै धाए तर पाएनन्।

हवाई अपहरणपश्चात एकपल्ट रामबाबुको शिलगढीको घर भानेबासा (भारतनेपालबास)मा भारतीय प्रहरीले छापा माऱ्यो। रामबाबुको सेफबाट केही पेस्तोलका साथ गोलीहरु फेला पाऱ्यो। प्रहरीले अनुसन्धानका लागि रामबाबु पक्राउ पर्नुभयो। हुन त राजनीतिक निर्वासनमा बसेका मानिससँग यसरी हतियार भेटिनुले भारतीय सरकार र प्रहरीलाई अचम्मित पारेन, तर अवैध हतियार भेटिनु कानूनी प्रक्रियामा त मिलाउनु पर्ने नै थियो। रामबाबुले इन्कारी बयान नगरी नमिल्ने कुरा थियो। तर, रामबाबुले 'हतियार, गोली राखेको नै हो' आदि-आदि बयान स्वीकार्नुभयो। प्रहरीलाई पनि अप्ठ्यारो पऱ्यो। प्रहरी पनि सहयोगी भएपछि गणेशबाबु प्रसाईले प्रहरीलाई के-के गरेर मिलाउनु भएको थियो।

एकपल्ट जब म सानै थिए रामबाबुहरु, को-को दुईचार जना घरमा आउनुभयो। सायद गणेशबहादुर प्रसाई, केशरबहादुर प्रसाई पनि हुनुहुन्थ्यो। जो नातामा हाम्रो भिनाजु पर्नुहुन्छ। उहाँहरुको आगमन के हुन्थ्यो, हामी सबै उहाँहरुको सेवा सत्कारमा जुट्थ्यौं। आमाहरु पकाउनमा व्यस्त हुने, गाउँबाट अरुहरुलाई पनि भान्साको काममा जुटाउन डाक्नु पर्ने। उहाँहरुको सम्मानमा खसी काटिन्थ्यो, सेलरोटी पकाइन्थ्यो, थरिथरिका परिकारहरु, अचारविचारहरु तयार पारिन्थ्यो। हामी भान्साबाट उहाँहरु भएको ठाउँमा खानेकुराहरु ओसार्थ्यौं। साह्रै गफ चल्थ्यो। उहाँहरुको कुरा गराई, तर्कशैली कुनै कुरामा पनि उत्तेजित नभई आफ्नो कुरा राख्ने र जितेर छाड्ने कलाबाट हाम्रो बालमस्तिष्क अत्यन्त प्रभावित हुन्थ्यो। लाग्थ्यो उहाँहरुभन्दा जान्ने-सुन्ने मानिसहरु यस संसारमा नै छैनन्। जब बिहान या बेलुकीको खाना तयार हुन्थ्यो, म अह्राए अनुसार गएर भन्थें- 'भान्सा तयार भयो।' उहाँहरु चुप लागेर सुनेर मात्र बस्नु हुन्थ्यो, कुनै हलचल हुँदैनथ्यो। अनि म फेरि भन्थें। 'भान्सा तयार भयो'- उहाँहरु सुने-नसुने झैं गर्नुहुन्थ्यो। जब म फेरि पनि कानैमा गएर कराएर भन्थें कि- 'भान्सा तयार भयो' भनेर तब उहाँहरु मलाई प्रश्न गर्नुहुन्थ्यो कि 'के गर्ने भनेर ?' 'म बोलाउन आएको कि भात खान जाऔं'- अनि उहाँहरु उठ्नु भयो र भान्सातिर लाग्नु भयो। 'भान्सा तयार भयो मात्रभन्दा हामीले के गर्ने राम्रै भयो भन्ने मात्र न हो। कि भात खान जाऔं भन्नुपर्छ नभएर अलि सभ्य भएर भन्ने हो भने भूजा लिन सवारी होइबक्सियोस् भनेर भन्नुपर्छ।' उहाँहरुले मलाई सिकाउनुभयो अनि मैले अलि गाउँले परिबेशबाट माथि उठेर यो उहाँले सिकाएर बमोजिम सभ्य भएर भन्न जानैं या जान्न शुरु गरैं।

रामबाबु कयौंपल्ट जेल पर्नु भयो। ०१७ सालपछि जब उहाँ देशभित्र रहनुभयो, कुनै पनि राजनीतिक घटनाक्रम बढ्ने भयो कि झापामा रामबाबु आदि-आदि पक्राउ परिहाल्नु हुन्थ्यो। जब उहाँ जेल पर्नुभयो, उहाँले घरको कुनै पनि सामान प्रयोग गर्नुभएन। उहाँसँग जेल पर्नेहरु घरबाट या साथीहरुकोबाट खाना मगाएर खान्थे, तर उहाँले कहिले यो काम गर्नुभएन र भन्नुभयो कि- 'हामी पक्राउ पर्छौं, अर्काको अधिनस्त हुन्छौं, यो बेलामा पनि घरको नै साधन प्रयोग गऱ्यौं भने हमी जेलमा परेको कसरी भयो ? बरु माफी मागेर घरमा ने बसे भइहाल्यो नि। प्रहरी हिरासतमा त कयौं दिन र कयौंपटक भोकै पनि रहनुभयो। घरको खाना उहाँ नखाने र प्रहरी हिरासतमा रहँदा सरकारले नै कुनै व्यवस्था नगर्ने। त्यसबेला उहाँ के तर्क दिनुहुन्थ्यो भने हिरासतमा राखेपछि खाना खान दिनु पर्छ हैन भने हिरासतबाट मुक्त गर्नुपर्छ। भोकै कुनै मानिसलाई नियन्त्रणमा लिने अधिकार कसैलाई पनि छैन।

रामबाबुको पोशाक पनि बिचित्रको छ। भन्दा कमिज सुरवाल नै हो, तर उहाँको सुरुवाल केही पेन्ट जस्तो, अलिकति पाइजामा जस्तो, अनि कमिज पनि झण्डै कुर्ता जस्तो, कसो-कसो सर्ट जस्तो पनि। आफैंले हातले कमेजमा टाँसेका ठूला-ठूला पत्रे गोजी, सुरुवालमा गोजी राखेको। अनि अस्कोट र टोपी। जहाँ जान पनि पैदल यात्राको अत्यन्त सौखिन। उहाँको पहिरनले तपाईंलाई आँखाले भ्याएसम्मको दूरीमा सजिलै ठहऱ्याउन कुनै अप्ठ्यारो पर्दैन। उहाँले कयौंपटक पैदल जिल्ला भ्रमण गर्नुभएको छ। देशको पैदल भ्रमण पनि गर्नुभएको छ। उहाँले पटक-पटक नेपाली कांग्रेसको पार्टी सभापति हुँदा झापाको पैदल भ्रमण गर्नुभयो र सबभन्दा महत्वपूर्ण पक्ष के हो भने एक महिनाको भ्रमण तालिकामा तोकिएको सबै ठाउँमा पुग्नुभयो र तोकिएको कार्यक्रममा भाग लिनु भयो। समयको अत्यन्त ख्याल गर्ने र तोकिएको समयमा जहाँबाट पनि पुग्ने उहाँको बानी अझै पनि छ।

आफूलाई चाहिने सामान उहाँ आफैंले राख्ने गर्नुभएको छ। विद्यार्थीकालदेखि नै उहाँको अचम्मको स्वभाव थियो, जुन आज पर्यन्त छ। सानो उमेरदेखि नै आफ्नो लुगा सिउने सियो-धागो आफैं राख्नुहुन्थ्यो र आफ्नो साथीभाइलाई पनि यसरी स्वावलम्बन बन्न सिकाउनु हुन्थ्यो। यसका लागि साथीभाइलाई उहाँ सियो-धागो जस्तै चाहिएको खण्डमा पनि दिनुहुँदैनथ्यो। सियो मागेको खण्डमा सियो दिईहाल्नु भयो भने पनि धागो चाहिँ नदिने। साथीभाई जतिसुकै रिसाए पनि रिसाउन त्यसको उहाँलाई पर्वाह हुँदैनथ्यो। यहाँसम्म कि उहाँ आफ्नो जुत्ता पनि आफैं सिलाउनु हुन्थ्यो र त्यसका लागि चाहिने सामानहरु आफैं राख्नुहुन्थ्यो।

एकपल्ट साथीहरुसँग सल्लाह गरेर उहाँहरु झापा जिल्लाको भ्रमण साइकलमा गर्न निस्किनु भयो। साइकलको टोली अगाडि बढ्यो। धेरै साथीहरुको साइकलको हावा सकियो, पम्चर भयो, रामबाबुको पनि। तर, रामबाबुको आफ्नो व्यवस्था थियो- पम्चर बनाउने र हावा हाल्ने पम्प समेत। उहाँले ती सामानहरु अन्य साथीहरुलाई दिनुभएन। यस कामले आफ्नो साथीहरुसँग लामो मनमुटाव भए पनि आफ्नो व्यवस्था आफैं गर्नुपर्छ भन्ने साथीहरुलाई राम्रो सन्देश दियो।

आफ्नै नेताहरु समक्ष पनि रामबाबुले आफ्नो आनीबानी र आफ्नोपन बनाइ राख्नु भयो। एकपल्ट गिरिजाबाबुले 'म त्यहाँ बस्न आउँदैछु रामबाबु' भनेर खबर पठाउनुभयो। रामबाबुले खबर अनुसार एकजना नेताको र थप दुई जनाको मात्र खाने बस्ने व्यवस्था मिलाई दिनुभयो। उहाँसँग आउने मानिस सबै अभर जस्तै परे। वरपर लागेर गुजारा गरे। उहाँले भन्नुभयो कि 'गिरिजाबाबुले उहाँ आफूमात्र आउने खबर पठाउनु भएको थियो, मैले उहाँका लागि मात्र व्यवस्था मिलाएँ। यसमा मेरो के गल्ती छ ?' कति साथीहरु- 'हामी तपाईकोमा आउँदैछौं, भात त्यहीँ खाने कार्यक्रम छ। हामी यति जना छौं'- भनेर खबर पठाउँथे। खबर अनुसार त्यति जनाका लागि रामबाबुकोमा खाना तयार हुन्थ्यो र खानामा खाली पूर्व आदेश अनुसार भातमात्र हुने साथमा दालमात्र, तरकारी, अचार केही नहुने। तर, भनिएको भन्दा जहिले पनि दुईचार जना मानिस बढी नै हुन्थे। व्यवस्था चाहिँ त्यतिका लागि मात्र हुन्थ्यो- जति पहिले भनिएको छ। कुनै अनुनयबिनय केही नलाग्ने रामबाबुसँग।

त्यस्तो नेताहरु जनआन्दोलन अगाडि गाडी माग्थे रामबाबुसँग। नेताहरु चाहन्थे- गाडी भनेपछि पेट्रोल, मोबिल आदि सम्पूर्ण व्यवस्था होस्, तर रामबाबु गाडी भनेपछि पेट्रोल नभएको गाडीमात्र दिने। नेताहरुका गोजी जहिले पनि टाट रहने। नेताको वरिपरि पनि सबै नेता मुख ताकेर मात्र हिँड्ने, अनि गाडी हिँडाउन नसकेर अलपत्र पर्ने। कोही चिनजानका स्थानीय मानिसहरुको सहयोगमा केही जुट्यो नत्र मुस्किल नै थियो हिजोका नेताहरुलाई। आजका नेताहरुलाई त अब रामबाबु चाहिँदै-चाहिँदैन र हिजोआज कसैको सम्पर्क पनि छैन रामबाबुसँग।

सार्वजनिक जीवनमा यथासक्य सहयोग गर्नुभएको छ। एक करोडभन्दा बढी त राष्ट्रिय, अन्तर्राष्ट्रिय पुरस्कारका लागि रकम नै छुट्याएर गुठी बनाउनुभएको छ उहाँले उहाँको पुरस्कार वितरण प्रणाली अरुको जस्तो होहल्ला मच्चाउने खालको छैन। को-कोलाई कहाँ-कहाँ दिनुहुन्छ, चुपचाप बाँड्नुहुन्छ। रेडियो, टीभी, पत्रपत्रिका आदिमा हल्ला गरेर हिँड्नुहुन्न। मैले सुनेसम्म अमेरिका र चाइनामात्र होइन थुप्रै विकसित मुलुकहरुलाई पनि सहयोग छुट्याउनु भएको छ र वर्षेपिच्छे वितरण गर्नुहुन्छ।

रामबाबु कसैको सोर्स-फोर्सको सिफारिस गर्नुहुन्न भनिन्छ। उहाँको भनाई के छ भने सबैले आफैंले आफ्नो ल्याकतले उभिनुपर्छ, कसैको भरमा र सिफारिसमा अगाडि बढ्नुहुन्न। नेताहरुले नि आफ्ना सहयोगीको कार्य क्षमताको राम्रो पहिचान गरी उचित मानिसलाई उचित कार्यभार जिम्मा दिनुपर्छ। सामाजिक कार्यमा इमान्दारी, नैतिकता, र जागरुकताले ठूलो महत्व राख्छ। त्यसमा पनि राजनीतिमा त झन् महत्वपूर्ण छ। उहाँको भनाइमा राजनीतिमा एकपल्ट इमान्दारीको, नैतिकताको नाङ्लोबाट फ्याँकिएपछि सजिलै र सदाका लागि राजनीतिक जीवन सकिन्छ। यिनै नैतिकता र इमान्दारिताको पातलो जालोभित्र सन्तुष्ट भएर बाँचिरहेको हुनुहन्छ रामबाबु।

यिनै कुबराहरुमा नेताहरुसँग नमिलेर उहाँले नेपापी कांग्रेस केन्द्रीय कोषाध्यक्षबाट गिरिजाप्रसादसँग कुरा नमिलेर राजीनामा दिनुभयो। जब उहाँले गिरिजाप्रसाद कोइरालाले पार्टीका सर्वसम्मत नेता कृष्णप्रसाद भट्टराईलाई उपनिर्वाचनमा हराउन रेडियो वक्तव्य दिनुभयो। उहाँले कुनै सम्झौता, सम्पर्क गराउन रुचाउनुभएन। नेताहरुको कार्यशैलीमा उहाँको फरक मत हुँदै गयो। नेताहरु नीतिगतभन्दा मनोगतरुपमा काम गर्दै गए, उहाँले पछ्याउन छाड्नु भयो। धेरै मानिसहरु भन्ने गर्छन्- रामबाबु संसारमा नै सबैभन्दा भाग्यमानी मानिस हुनुहुन्छ। केमा, कसरी भाग्यमानी हुनुहुन्छ मलाई थाह छैन। तर, भन्नेहरु देखाएर भन्छन्- 'उहाँको स्वास्थ्य अत्यन्त राम्रो छ। अहिले पनि हट्टाकट्टा हुनुहुन्छ। कुनै नवजवानभन्दा पनि बलियो हुनुहुन्छ। अहिलेसम्म कुनै अस्पताल या दवाई दोकान धाउनु परेको छैन। सम्पत्ति यति धेरै परिवन्द परेर चुलियो कि नेपालकै कुनै उद्योगपतिभन्दा उहाँ कम हुनुहुन्न। सन्तानको पनि उहाँलाई सन्तुष्टी छ। सम्मान र यश पनि उहाँहरुलाई पूर्णरुपमा मिलेको छ। वर्तमान राजनीतिले थोपरेको अपजश उहाँले भोग्नु परेको छ।

७२ वर्षको उमेरमा उहाँले अर्को दाम्पत्य जीवन जोड्नुभयो। एकान्त जीवनबाट मुक्तिका लागि जोड्नु आवश्यक जस्तै भयो, त्यसैले पनि दाम्पत्य जीवनमा पुनः प्रवेश गर्नुभयो। विवाहपश्चात पुनः विवाह भएको भनेर आफ्नी श्रीमतीको नाम पुनवति राख्नुभयो अरे। तर, दाम्पत्य जीवनका लागि गरेको कबोल र राखेको शर्तहरु यति दूरगामी र आफ्नो निजी सफल पारिवारिक जीवनका लागि उपयोगी राख्नु भयो कि कुनै दिन यस विषयमा छुट्टै चर्चा मौका परे गरौंला। रामबाबुले निकै कविताहरु लेख्नु भएको छ। उहाँका कविताहरु भावावेश र कल्पनामा कुदेका हुँदैनन्, बरु यथार्थको धरातलमा उभिएका छन्। हात हेर्ने ज्योतिषी भएर रामबाबुले सुनाएको एउटा कविता मलाई फिका यादभन्दा पनि अन्दाज छ। हात हेर्ने ज्योतिष भएर उहाँ भन्नुहुन्छ-

*तिम्रा हातमा ठेलाहरु भरपुर रहेछ*
*तिमी स्वावलम्वी रहेछौ, मेहनती रहेछौ*
*त्यसैले तिम्रो भविष्य अत्यन्त उज्ज्वल छ।'*
*अर्को कोमल हात हेरेर उहाँ भविष्यवाणि गर्नुहुन्छ।*
*तिमी परजीवी रहेछौ*
*आज सुख पाए पनि भोलि तिम्रो राम्रो छैन।*

कता-कता यस्तै जस्तो झ-झल्को लाग्छ रामबाबुको कविता। मैले एउटा साहित्यिक गोष्ठीमा सुनेको मात्र हुँ, पढेको होइन। त्यसैले फरक परेमा माफ पाऊँ।

एउटा काममा लागेपछि अर्को काममा रामबाबु हेर्नुहुन्न। जुनसुकै काम पनि रामबाबु चरणबद्ध र नियमित कार्यक्रम बनाएर गर्नुहुन्छ। कतै काममा उहाँ हैसिनु पनि हुन्न र कुनै अप्ठ्यारोमा आत्तिनु पनि हुन्न। यहाँसम्म कि चुनावमा हिँड्दा पनि एउटा गाउँको मानिस हिजो कार्यक्रम बनाएर भेट्नु भएको छ भने र आज फेरि भेट्न आयो भने उहाँ भेट्नै दिनुहुँदैन। यहाँसम्म कि त्यही गाउँ भएर अर्को गाउँ जाँदा पनि लाम लागेका मानिसहरुलाई अभिवादन पनि फर्काउनुहुन्न। भन्नुहुन्छ- उहाँहरुको भेट्ने पालो हिजो, अस्ति नै सकियो। आफूसँगै गएको मानिस केही ढिलो भयो- रामबाबु घरसम्म जान गाडी दिनुपऱ्यो, बिहान फेरि समयमा नै साथ दिन आइपुग्छु भनेर अनुरोध गऱ्यो भने- 'गाडी हुँदैन, किनभने तपाई लापरवाही गर्नु हुँदोरहेछ। किन अघि समय हुँदै आफ्नो व्यवस्था गर्नु भएन ? मैले तपाईलाई केही काम लगाएको थिइन्।'

कही साथीहरु दिनभरी चुनावमा हिँडेर थाकेपछि रामबाबुसँग चिया खान प्रस्ताव राखे। रामबाबुले स्वीकार गरेर साथीहरुलाई चिया खान थाले। चियासँगै साथीहरुले नास्ता पनि लिन थाले। पछि रामबाबुले नास्ताको पैसा तिर्न मञ्जुर गर्नुभएन। चुपचाप चियाको पैसा मात्र तिर्नुभयो र हिँडिदिनुभयो। उहाँको तर्क थियो- चिया भनेपछि चिया मात्र खानु पर्छ।' चिया खाने भन्ने अनि मस्तसँग नास्ता लिने ? यो कस्तो चलन ? मलाई मञ्जुर छैन। उहाँले साँच्चै पैसा तिर्नु भएन। जब कि उहाँ आफैं संसदको उम्मेद्वारमा हुनुहुन्थ्यो।

एकपल्ट रामबाबुलाई सनातन धर्म सेवा समिति गठन गर्नका लागि झापा जिल्लाको तदर्थ समितिको अध्यक्षका लागि प्रस्ताव राखियो। रामबाबुले रहन मञ्जुर गर्दै प्रश्न गर्नुभयो- 'होइन मेरो आचरण र आहार-विहार तपाईलाई अनुकूल हुन्छ कि हुँदैन। म जातपातको भेदभाव राख्दिन र खाना केही पनि बार्दिन। यो संसारमा भएको जुनुसुकै जीवको मासु म खान्छु र कसैले मासु पकाएर दियो भने यो के को मासु भनेर सोध्ने मेरो चलन छैन। फेरि धर्म भनेको मेरो निमित्त आचरण हो, कसैले मेरो कारणले दुःख नपाओस्। त्यो मेरो धर्म हो, मेरो कर्म पनि त्यही हो।' प्रस्तावकहरु भागाभाग भए। भाग्नेमा खेमराज केशवशरणका साथ म पनि थिएँ। सायद धर्म गर्न या भगवानको दर्शन गर्न भनेर रामबाबु कहिल्यै मन्दिर जानु भएको छैन। तीर्थ नै गर्ने नाममा धामहरु जानु भएको छैन। ब्रत बस्न भएको पनि छैन। बरु एकपल्ट बिर्तामोडमा एउटा सार्वजनिक स्थल भनेर चार कठ्ठा जग्गा प्रदान गरिएको घोषणा गरिदिनुभयो र २०३६ सालमा त्यही ठाउँमा जननायक वीपी कोइरालाको हातबाट एउटा स्तम्भको शिलान्यास गराई दिनुभयो। बगलमा एउटा घर निर्माण र विश्वमा भएका सबै धर्मका मानिसहरु कृष्ण, बुद्ध, इशु, अल्लाह आदिको तस्वीर राखिदिनु भयो। अहिले सो स्थल बिना प्रयोजन त्यत्तिकै रहेको

(बाँकी पृष्ठ ३ मा)



रामबाबु प्रसाईको कथा

# सत्य र निष्ठाका प्रतिक रामबाबु





चरण प्रसाई

रामबाबु प्रसाई (खनुपरुदेप्रकाहा) यस संसारबाट २०७७ असोज २३ गते शुक्रबार ९९ वर्षको उमेरमा बिदा हुनुभयो । भौतिक शरीर यस संसारमा नरहे पनि उहाँका आदर्श, सादगी जीवन, निर्भय रस्वावलम्बनका सिद्धान्तबाट हाम्रो समाजले धेरै कुरा सिक्न सक्छ । उहाँको जिन्दगीबाट विषम परिस्थितिमा पनि सत्य तथा निष्ठाको जीवन कसरी बिताउन सकिन्छ भन्ने हामी बुझ्न सक्छौँ । व्यक्ति, परिवार तथा शक्ति-स्वार्थभन्दा माथि उठेर समग्रतामा राजनीतिक जीवन कसरी धान्न सकिँदोरहेछ भन्ने थाहा पाउन सकिन्छ । हामी उहाँबाट सादगी जीवनको खास अर्थ बुझ्न सक्छौं, 'असल मानिस'को परिभाषा केलाउन सक्छौं, अनुशासनलाई जीवनको दर्शन (धर्म) बनाएको देख्छौं ।

'खनुपरुदेप्रकाहा' नाम आफैँमा अनौठो छ । उहाँका बारेमा लेख्दा कति न्याय हुनसक्छ थाहा छैन । त्यसैले उहाँका केही राजनीतिक पाटामात्र केलाउने प्रयास गरेको छु । तथापि उहाँको नामबारे प्रायजसो व्यक्तिमा जिज्ञासा रहने गरेकाले यसबारे पहिला केही चर्चा गर्दा उचित होला जस्तो लाग्छ मलाई । उहाँको वास्तविक नाम खड्गवानकेशरी प्रसाई हो । बोलाउने नाम रामबाबु भए पनि आफ्नो नाम (ख), आमा रुद्रकुमारी र बुबा देवीप्रसाद(रुदे)बाट 'खरुदे' भनेर चिनिनुहुन्थ्यो । नामले पनि व्यक्तिगत विवरण खुलोस् भन्ने आशयबाट 'खनुपरुदेप्रकाहा' नाम राखिएको अनुमान लगाउन सकिन्छ । किनकि 'खनुप'पुरुष बुझाउने नामका पछाडि आमा-बुबा (रुदे), प्रसाई र कार्की मावलीथर (प्रका) र जन्मथलो हाङपांङ (हा) समेटेर बनेको पाइन्छ । यसबाट जन्मथलोको पनि सम्मान गर्नुपर्छ भन्ने बुझिन्छ । उहाँका छोरा-छोरीको नाम समेत यही सिलसिलामा राखिएको छ । बोलाउने नाम भरतबाबु भनेर चिनिनु हुने नेपाली कांग्रेसका नेता सिके (छत्रवानकेशरी) प्रसाई उहाँका भाइ हुनुहुन्थ्यो ।

रामबाबु दाइको जीवनशैली केलाउँदा कठोर अनुशासन उहाँको मूल नैतिक शक्ति थियो । सत्यवादी व्यक्तिको पहिचान बनाउनुभयो । निष्ठा तथा इमान्दारिता उहाँको जीवनशैली बन्यो । भगवानप्रतिको आस्थाभन्दा कर्ममा विश्वास गर्नुभयो । माहात्मागान्धीलाई आदर्श पुरुष मानेर जीवनकाल बिताउने प्रयत्न गर्नुभयो । व्यक्तिगत सम्पन्नताले विचलित कहिलै बनाएन । सरल तथा सादगी जीवन बिताउन सफल हुनुभयो । उहाँको वस्तुवादी चरित्रलाई कतिपयले मजाकको विषय बनाउन खोजे । अव्यावहारिक व्यक्ति/नेता ठाने । तर, यसप्रकारका टिप्पणीबाट उहाँ हतासिनु भएन । उहाँ हल्का ढंगका टिप्पणी, अनुशासनहीनता र वाचा पूरा नगर्ने व्यक्तिलाई रुचाउनु हुन्नथ्यो । तर्कसंगत विचारले मात्र उहाँको विश्वास जित्न सकिन्थ्यो । आर्थिक अनुशासनविहीनताप्रति उहाँ असहिष्णु हुनुहुन्थ्यो । यसबाट कतिपय अवस्थामा ठूलै मूल्य चुकाउनुपर्‍यो । तर व्यक्तिगत, पारिवारिक, सामाजिक तथा राजनीतिक जीवन समेतमा यी विश्वासबाट डग्मगाउनु भएन कहिले पनि ।

मुलुकमा प्रजातन्त्र पुनःस्थापनाका लागि उहाँको भूमिका अहम् रह्यो । प्रतिबन्धित नेपाली कांग्रेसको एक निष्ठावान कार्यकर्ता भएबाट पटक-पटक गरी छ वर्षभन्दा बढी समय जेल पर्नुभयो । राजनीतिक कारण भारतको पश्चिम बंगालको शिलगडीमा सात वर्ष निर्वासनमा बस्न बाध्य बनायो । कांग्रेसको सशस्त्र क्रान्तिको तयारीका क्रममा राखिएका बन्दुकका गोली शिलगडीको घरबाट बरामद भएपछि इन्दिरा गान्धी नेतृत्वको भारत सरकारले मुद्दा चलायो र जेल पर्नु भयो । पक्राउ परेपछि जे सत्य हो त्यही बयान दिनुभयो । बयान फेर्ने वकिलको अनुरोध पनि स्वीकार्नु भएन । जेल भोग्न तयार हुनुभयो, तर सत्य लुकाउनु भएन । त्यसबेला कांग्रेसले 'प्लेन हाइज्याक' गरेको अवस्था थियो । नेपाल सरकारको दबाबमा कांग्रेसी नेताहरूप्रति भारतको रबैया राम्रो थिएन । तथापि केही समयपछि उहाँ जेल मुक्त हुनुभयो ।

त्यसपछि २०३३ पुस १६ गते वीपी कोइराला, गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्का, निलाम्बर पन्थीसमेत सँग उहाँ ज्यानको जोखिम मोलेर स्वदेश फर्कनुभयो वीपीको मेलमिलाप नीति अन्तर्गत । एयरपोर्टबाट वीपी कोइराला र गणेशमान सिंहलाई सुन्दरीजल लगियो भने उहाँलाई नख्खु जेल चलान गरियो ।

२०४६ सालको आन्दोलनताका उहाँ प्रतिबन्धित नेपाली कांग्रेस झापाको सभापति हुनुहुन्थ्यो । तत्कालीन नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको बैठक तथा सभा बिर्तामोडस्थित उहाँको निवासमा हुने गर्थ्यो । झापा जिल्लामा सञ्चालित जनआन्दोलन सफल हुन उहाँको नेतृत्वदायी भूमिका महत्वपूर्ण रह्यो । जनआन्दोलनको नेतृत्व गर्ने क्रममा जेल पर्नुभयो । उहाँ जेल परेपछि उपसभापति कृष्णप्रसाद सिटौलाले आन्दोलनको सहजीकरण र नेतृत्व लिनुभयो । जनआन्दोलन सफल भएपछि मात्र उहाँ जेल मुक्त हुनुभयो ।

केन्द्रीय कोषाध्यक्ष भएबाट उहाँको प्रस्तावमा कांग्रेसको २०४८ को झापा कलबलगुडी अधिवेशनबाट प्रतिनिधि तथा पर्यवेक्षकले दर्ता शुल्क तिर्ने प्रचलन कांग्रेसमा शुरु भएको हो । आत्मनिर्भरतामा पार्टीका अधिवेशन र कार्यक्रम हुनुपर्छ भन्ने उहाँको मान्यता थियो ।

२०४६ सालको जनआन्दोलनपछि उहाँले भन्नुभएको थियो- प्रजातन्त्र पुनर्बहालीपछि अब मानव अधिकारका लागि वकालत गर्ने वा लड्नुपर्ने छैन । शासन व्यवस्था मानव अधिकारको जगमा अघि बढ्नुको विकल्प हुँदैन प्रजातन्त्रमा । अधिकारका लागि फेरि सडकमा उत्रने दिन गए । नागरिक केन्द्रित स्वच्छ राजनीतिबाट मुलुक अब चल्नेछ । तर, यस दृढ विश्वासमा रहनुभएका रामबाबु दाइले शीर्ष तथा प्रभावशाली भनिएका नेताहरूको व्यवहार, बढ्दो भ्रष्टाचार र बेथिति नसुध्रने देखेर हुनसक्छ, सक्रिय राजनीति जीवन छाड्नु भएको हो ।

भनसुन, नातावाद र कृपावादका कट्टर विरोधीकारूपमा चिनिने व्यक्ति हो उहाँ । उदाहरणका लागि प्रभावशाली कोषाध्यक्ष भएका बेलासाला उत्तम सिजापतीले छोरालाई इलामबाट झापाको काँकरभिट्टा भन्सारमा सरुवाका लागि मन्त्रीलाई भनिदिन अनुरोध गरेका थिए । झापामा सरुवा हुँदा के तलब बढ्छ ? उहाँको जिज्ञासा थियो । यस प्रश्नबाट उत्तमबाबु नाजवाफ हुनुभयो । फेरि यस्तो विषय लिएर नआउनु भनेर चेतावनी दिनु थियो ।

२०१५ सालको आमनिर्वाचनमा झापाबाट स्वतन्त्र उम्मेदवारका रूपमा उठ्नुभयो, तर पराजय भोग्नुभयो । २०४८ र २०५१ सालको संसदीय चुनावमा पनि कांग्रेसको तर्फबाट झापाबाट उम्मेदवारी दिनुभयो तर सफल हुन सक्नुभएन । २०५१ सालको संसदीय निर्वाचनमा नेपाली कांग्रेसका तत्कालीन सभापति कृष्णप्रसाद भट्टराई (किसुनजी) पनि पराजित हुनुभएको थियो । उहाँ हार्नुको मुख्य कारण पार्टीभित्रको अन्तरघात थियो । त्यसमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले चुनावको मुखमा दिएको रेडियो वक्तव्य पनि पराजयको कारण बन्यो । कांग्रेसभित्र यो विषय निकै ठूलो मुद्दा बन्यो । पार्टी पदाधिकारी बैठकमा कैयौं दिन घनीभूत छलफल भयो ।

गिरिजाबाबु समेतलाई पार्टीले कारबाही गर्नुपर्ने चौतर्फी दबाब बढ्यो । सर्वमान्य नेता गणेशमान सिंह समेत कारबाहीका पक्षमा हुनुहुन्थ्यो । पार्टी अनुशासनको दायित्व नेताहरूको पनि हुनुपर्ने बलियो मान्यता रामबाबु दाइ (तत्कालीन कोषाध्यक्ष)को थियो । गिरिजाबाबु समेतले कारबाही भोग्नुपर्ने दृढ अडान उहाँको थियो । तर, दुर्भाग्य नै भन्नुपर्छ, शीर्ष तीन नेताको सहमतिमा अनुशासनको कारबाही कसैलाई भएन । यस निर्णयप्रति उहाँले गम्भीर असहमति राख्नुभयो र कोषाध्यक्षको पदबाट नैतिकताका आधारमा राजीनामा दिनुभयो । पार्टीमा निष्क्रिय भएर बस्नुभयो ।

मलाई लाग्छ, यस घटनाले कांग्रेसको मात्र होइन, मुलुकको राष्ट्रिय राजनीतिमा दीर्घकालीन प्रभाव पर्दै आएको छ । शक्तिका आडमा अराजकता बढेको छ । यसको नतिजा कांग्रेसले भोग्दै आएको देखिन्छ । प्रभावशाली नेताका आडमा गरिने अन्तरघात थामिएको छैन । कारबाही वस्तुगतभन्दा प्रतिशोधबाट हुने गरेको सुनिन्छ । नेतृत्वको स्वेच्छाचारी आचरणले प्रोत्साहन पाएको छ । संस्थागत चरित्रलाई छाडेर व्यक्ति-शक्तिमा पार्टी रुमल्लिएको छ । लोकतान्त्रिक विधि र प्रक्रिया हराउँदै गएको छ । भागबन्डाको राजनीतिबाट पार्टी चलेको छ । 'मेरिटोक्रेसी' (सक्षमता)ले स्थान पाउँदैन । व्यक्ति/समूह संरक्षण राजनीति फस्टाउँदो छ । गुट र उपगुट बढेको छ । पार्टीभित्रका आन्तरिक रडाको चुलिँदो छ । स्वार्थ-समूह हावी छ । दिगो लोकतन्त्रका लागि चिन्तन/बहस हुन छाडेका छन् । यो बिमारी अरू दलमा पनि सरेको छ ।

मूलतः रामबाबु दाइ गणतन्त्रवादी नेता हुनुहुन्थ्यो । २०६२/०६३ सालको जनआन्दोलनको केही समयपछि एकाएक संवैधानिक राजतन्त्रका पक्षमा उहाँ बोलेको समाचार बाहिरियो । नेपाली कांग्रेसको साधारण सदस्य समेत त्यागेको सुनियो । यो समाचार आएको केही दिनपछि मैले उहाँलाई सोधेँ- तपाईं त गणतन्त्रवादी नेता । कसरी एकाएक राजावादी हुनुभयो ?

उहाँको जवाफ थियो- तिमीले पनि यस प्रसंगलाई नबुझिदिएपछि मलाई अप्ठ्यारो पर्‍यो । मेरो सोच संवैधानिक राजतन्त्रप्रतिको विश्वास होइन गणतन्त्र सञ्चालकमाथिको अविश्वास हो । विद्यमान नेताहरूका व्यवहार, चिन्तन तथा तिनका कार्यशैलीबाट मुलुक कतातिर जाने भन्ने मेरो चिन्ता हो । सम्झौतावादी नेता प्रतिको मेरो अविश्वास हो । अधिनायकवाद फेरि नलादियोस् भन्ने हो । नागरिकले दुःख/सास्ती खपेर हासिल गरेको लोकतन्त्र नगुमोस् भन्ने सरोकार हो । बारम्बारको अस्थिरताबाट राष्ट्रको हित नहुने मेरो निष्कर्ष हो ।

भावपूर्ण श्रद्धाञ्जलि रामबाबु दाइप्रति ।

## उदेकका ...

छ र उहाँको आफ्नै जिम्मा छ ।

कसैको कहिल्यै उग्र समर्थन पनि गर्नुहुन्न रामबाबु र कसैको उग्रविरोध पनि । सँधै अत्यन्त सन्तुलित रुपमा र सँधै एकनाशको स्वभावमा प्रस्तुत हुनुहुन्छ । कहिले आवेशमा उहाँ आउनुहुन्न र अपशब्दहरु मुखबाट कहिल्यै निस्केका पनि छैनन् । उहाँको मुखबाट कसैको प्रशंसा पनि छैन र चर्को गाली पनि । त्यस्तै अरुको आलोचना र प्रशंसाले उहाँलाई प्रभाव पार्दैन ।

आमाको काजकिरीयामा रामबाबु बस्नु भएको थियो, दश-बाह्र वर्ष पहिले १३ दिन बस्नु पर्ने र सम्पूर्ण सुविधा र खानपिन बार्नुपर्ने जो चलन छ त्यसैलाई छैटौं दिनमा नै छोडेर उहाँ निस्किनु भयो । कोराबाट बाहिर घरमा अत्यासमय वातावरण आयो । भरतबाबु जो शारीरिक अस्वस्थ हुनुहुन्थ्यो सकी-नसकी बारेर बसिरहनु भयो । सारा पण्डितहरु, प्रसाई बन्धुहरु, आगन्तुकहरु, अन्य मानिसहरुले रामबाबुप्रति आपत्ति प्रकट गरे । सम्झाए, आमाको काजकिरीया राम्रोसँग परेजमा बसेर गर्नुपर्छ भनेर भनियो तर रामबाबुले टेर्नु भएन । भन्नुभयो- पहिलो कुरा त यो चलनले के हुन्छ ? मलाई देखाई दिनुपर्‍यो । मेरो आमाले पाप गर्नु नै भएको छैन भने किन आमाको नाममा मैले धर्म गर्ने ? के मैले यहाँ पिण्ड लडाउँदा आमाले पाउनुहुन्छ ? कसले देखेको छ ? यस्ता अनेकौं प्रश्नहरु रामबाबु राखिदिनु हुन्थ्यो कि जबको जबाफ नै हुँदैनथ्यो ।

धेरै मानिसहरुको चाहना छ रामबाबुको इमान्दारीलाई ध्यानमा राखेर उहाँलाई राष्ट्रको एउटा जिम्मेवारी सुम्पनु पर्ने हो । विकासभन्दा पनि चरित्र निर्माणको काममा उहाँलाई लिनु पर्ने हो । कसैको दवावमा नपर्ने र आफ्नो ढिट पनि नछोड्ने र कुनै कुरामा नलोभिने रामबाबुको प्रयोग यहाँ किन पनि छैन भने यहाँ त तँलाई यो जिम्मेवारी दिन्छु मलाई कति दिन्छस् भनेर खुल्ला मोलतोल हुने देशमा रामबाबुको आवश्यकता कहिले पर्ने कुरा पनि भएन ।

यहाँ नेताहरुलाई पैसा दिएर सांसाद र मन्त्री हुन पाइन्छ । पुलिस र सेनाको हाकिम हुन पाइन्छ । भन्सार र करमा सरुवा हुन पाइन्छ । सीडीओ र डिएफओ हुन पाइन्छ । विहारी प्रमाणपत्रले स्कूल, कलेजमा माष्टर हुन पाइन्छ । सानो-सानो ठाउँमा खरदार, बैदार, मुखिया हुन पनि राम्रो ठाउँमा रहन पनि भेटी चढाउनु पर्छ । अर्थात् राजनीति सेवा होइन, व्यापार भइरहेको मुलुकमा रामबाबुको उपयोग नै के हुने हो र ?

अत्यन्त सक्रिय जीवन कोठामा नै बसेर भए पनि बिताइरहनु भएको छ रामबाबुले । कोठामा नै बसेर कसरी सक्रिय जीवन भयो भन्दा उहाँ भन्नुहुन्छ- 'के सडकमा कुद्दा मात्रै सक्रिय हुन्छ ?, के अफिस कार्यालय, घर-घर धाउँदा मात्र सक्रिय हुइन्छ ?' यस्ता प्रश्न गर्नुहुन्छ रामबाबु कि म उहाँसँग तर्क गर्नै सक्दिन । यस्ता सक्रिय मानिसको विषयमा मैले उहाँलाई थाहै नदिई लेख्ने प्रयन्त गरेँ कि मनमा कता-कता के को हो त्रास पनि लागिरहेको छ । धेरै कुरा अरुहरुबाट सुनेको भरमा लेखेको हुँ । थोरै जानेको भरमा । किनकि म रामबाबुको कहिले नजिक पनि भइन र टाढा पनि कहिले रहिन । तैपनि मरेपछि त सबै लेख्छन्, मैले जिउँदै हुँदा दुई-चार कुरा लेख्ने हिम्मत गरेको छु । धेरै नै महत्वपूर्ण कुराहरु निश्चय नै छुटेका छन् । नचाहिने समावेश भए होलान् । केही हल्ला र सुनेका भरमा लेखेको छु, किनकि रामबाबु प्रसाई एउटा सार्वजनिक व्यक्तित्व नै हो । सार्वजनिक भएपछि सबैको हक हुन्छ । यसैले जे पर्ला-पर्ला लेखिदिएको छु ।

सायद बेइमानहरु सर्वेसर्वा भएको मुलुकमा इमान्दार हुनु पनि अपराधी हुनु जस्तै नै हो । यस्तै एउटा अपराधी र एकाङ्की जीवन गुजारिरहेको हुनुहुन्छ रामबाबु, पगुबासामा यानिकी पशुपति, गुहेश्वरी क्षेत्रमा बनाएको नयाँ बासमा ।

*(आफ्नै सेरोफेरो २०६१ बाट)*


**डिलर तथा होलसेल आवश्यकता**

एक सेनेटरी प्याड उत्पादन गर्नेकम्पनीलाई होलसेलर तथा डिलर चाहियो ।
**कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.**
९८०१४२४०१३, ९८०१४२३६४३
अर्जुनधारा-०६, झापा

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट् फोट झट् सेवा'




सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९, ९८४१३२१४६४

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम्प (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट, लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९, ९८४२६२४३४३/९८१४०३६३४४

**पायल्स तथा हाडजोर्नी**

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक । पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग ।
**बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी**
अदुवा खोला छेउ, बिर्तामोड
फोनः ०२३-५९०१६६, ९८०६०००३१३, ९८४२७१६५८८

**सेक्युरिटी गार्ड चाहियो**

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला ।
भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस् ।
उमेर : २६ देखि ४८ सम्म
सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)

**अत्यन्त जरुरी सूचना**

काँकरभिट्टाबाट बिर्तामोड जाने क्रममा मेरो व्यक्तिगत कागजपत्र हराएको हुनाले भेट्ने महानुभावले निम्न ठेगानामा सम्पर्क गरी दिनु हुन अनुरोध छ ।
**हराएको मिति** : २०७७/०६/२७
**नाम** : प्रकाश शिवाकोटी
**ठेगाना** : मेनपा-७, आयाबारी, झापा
**हराएको सामानहरुः** लाइसेन्स, नागरिकता, गाडीको रुट, परमिट र पास
**सम्पर्क : ९८२३६९५५३४/९८०६०७२१६९**
*नोटः भेटनु हुने महानुभावलाई ५,०००/- रुपैयाँ पुरस्कार दिनेछु ।*

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**जाँड रक्सी सजिलो सँग छुटाइन्छ यौवन उपचार**

तपाईमा भएको यौवन कमजोरी, पिनास, दम, खोकी, यूरिक एसिड **पायल्स फिस्टुला फिसर,** ग्याष्ट्रिक, अल्सर, महिलाको महिनावारी गडबढी पाठेघरको समस्याहरु सेतोपानी बग्ने, पथरिया, पिनास सबै उपचार हुन्छ । *(जाडरक्सी १०० प्रतिशत छुटाइन्छ ।)*
***दैनिक अनुभव वैध, कविराजबाट जाँच साथै प्रत्येक शनिबार डाक्टरबाट जाँच हुनेछ ।***
**(यही मिति २०७७ कात्तिक १ गते पायल्स + यौवन सम्बन्धी निःशुल्क जाँच हुनेछ ।)** *मौकाको फाइदा नछुटाउनुहोला ।*
**फाल्गुनन्द आयूर्वेद फार्मेसी सेवा**
शनिश्चरेरोड, ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
(फोनः ९८४२६४३६१८/९८०७९९४८८०)

**गमला चाहिएमा**

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आज स्वास्थ्यमा सुधार हुनेछ । कार्यक्रम तथा चलफलमा सहभागी भइएला । आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
न्यायिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । नयाँ कार्य वा रोजगार पाइनेछ । साहित्य तथा संगीतमा रुची बढ्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आज सामान हराउने योग छ । पारिवारिक उल्झनमा परि आँटेको काम बिग्रनेछ । सौन्दर्यतामा धन खर्च हुनेछ । प्रेममा मनमुटाव पनि हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आँटेको र ताकेको कार्य पूरा होला । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आज शरीर भारी र मन अस्थिर रहने संकेत देखिन्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । घरायसी विवाद बढ्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । जोश जाँगर र उमँङ्ग बढ्नेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
आज रोकिएका अधुरा कामहरू पूरा हुने छन् । बोलीको प्रभाव बढ्नेछ । बिना प्रतिस्पर्धा फाइदा हुने योग छ । पढाइ-लेखाइमा प्रगति हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आज नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । भूमि लाभ पनि रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
विशिष्ठ व्यक्तिको साथ पाईनेछ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । जोश, जाँगर र हिम्मत बढ्नेछ । शेयर बजारको कारोवार हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
आज नयाँ व्यक्तिसँग भेट हुने र अरुलाई प्रभावित पार्न सकिनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ । बिना प्रतिस्पर्धा फाइदा हुनेछ । पुनर्मिलनको योग रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आज मान प्रतिष्ठामा बृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ ।